**मा. दिलेन्द्रप्रसाद बडू**
**मन्त्री**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

**नेपाल सरकार**

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१-४२००५२५
फ्याक्स नं.: +९७७-१-४२०००५२

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या:
चलानी नं.:

## शुभकामना

विश्व बौद्धिक सम्पत्ति दिवसको अवसरमा सम्पूर्ण उद्योगी व्यावसायी, सर्जक तथा अन्वेषकहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु। IP and Youth: Innovating For A Better Future भन्ने विश्वव्यापीनाराका साथ नेपालमा पनि विभिन्न कार्यक्रम गरि यो दिवस मनाईंदै छ। यस अवसरमा म सबै सरोकारवालाहरुको सक्रिय सहभागिताको लागि आह्वान गर्दछु।

बौद्धिक सम्पत्ति त्यसमा पनि औद्योगिक सम्पत्तिको रक्षाबाट नै औद्योगिक विकास तथा प्रवर्द्धनमा टेवा पुग्न सक्दछ। नेपालमा रहेको परम्परागत ज्ञान सिप तथा प्रविधिलाई आधुनिक प्रविधिसँग आवद्ध गर्दै आन्तरिक तथा अन्तर्राष्ट्रिय औद्योगिक मूल्य श्रृँखलामा बौद्धिक सम्पत्तिको अधिकारलाई स्थापित गर्नु आवश्यक छ। यसका लागि चालु आर्थिक वर्षमा लघु, घरेलु,साना तथा मझौला उद्योग व्यावसायीका बाह्रवटा उत्पादनलाई बौद्धिक सम्पत्तिमा दर्ता तथा संरक्षण गर्ने कार्यक्रम सरकारले सञ्चालन गरिरहेको छ। यसका साथै पाल्पा र तेह्रथुमको ढाकालाई सामुहिक ट्रेडमार्क चिन्ह प्रदान गर्ने प्रक्रिया अगाडि बढाइएको छ। भौगोलिक चिन्हको संरक्षण तथा बौद्धिक सम्पत्तिका अन्य प्रकृतिलाई लक्षित गरि आगामी नीति तथा कार्यक्रम तय गरिने छ।

पर्याप्त कानूनी आधार, जनचेतना, संस्थागत व्यवस्था सहित बौद्धिक सम्पत्तिको संरक्षण गर्न सरकार प्रतिवद्ध रहेको व्यहोरा पुनः स्मरण गराउन चाहन्छु। बौद्धिक सम्पत्ति सम्बन्धी मौजुदा कानूनमा समसामयिक सुधार तथा आवश्यक कानून तथा संरचना निर्माण सहित स्वदेशी तथा विदेशी लगानीकर्ता लगानी गर्न आश्वस्त हुने वातावरण निर्माणमा सरकार क्रियाशिल रहेको छ। बौद्धिक सम्पत्तिको संरक्षण तथा सचेतना अभिवृद्धिमा सरकार, निजी क्षेत्र, प्राज्ञिक समुदाय, अनुसन्धानमूलक संघ संस्थाहरु तथा आम नागरिकको साझा अठोट र प्रयासबाट मात्र अन्तर्राष्ट्रिय बौद्धिक सम्पत्ति संस्थाले यो वर्ष तय गरेको "बौद्धिक सम्पत्ति र युवाः उज्वल भविष्यका लागि नवप्रवर्तन" भन्ने नाराको मर्म अनुरुप युवा उद्यमीलाई बौद्धिक सम्पत्तिको लाभ लिन सक्ने बनाउन सकिन्छ भन्ने मेरो विश्वास रहेको छ। अन्तमा, बौद्धिक सम्पत्ति संरक्षणको क्षेत्रमा सहकार्यका लागि आह्वान सहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

मितिः २०७९/०१/१३

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री